नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- 82

मितिः-२०८२/०५/१८

नेपाल संवत् ११४५

विषयः- निजामती सेवा दिवसका अवसरमा वृक्षारोपण कार्यक्रम गर्ने सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

वन तथा वातावरण मन्त्रालय, प्रशासन महाशाखाको प.सं. २०८२/०८३, च.नं. ३५४, मिति २०८२/०५/१६ को निजामती सेवा दिवसका अवसरमा वृक्षारोपण कार्यक्रम गर्ने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

.....................

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री वन तथा वातावरण मन्त्रालय, प्रशासन महाशाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
प्रशासन महाशाखा

पो.व.नं. : ३९८७
सिंहदरवार, काठमाडौं

पत्र संख्या :- २०८२/८३
चलानी नं. :- ३५४

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ८२०
दर्ता मिति:- ५/१६

२०८२/५/१६
नेपाल सम्वत् ११४५

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरवार काठमाडौं

विषय :- **निजामती सेवा दिवसका अवसरमा वृक्षारोपण कार्यक्रम गर्ने सम्वन्धमा ।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत सन्दर्भमा निजामती सेवा दिवस २०८२ लाई भव्य र उल्लासमय रुपमा मनाउने सन्दर्भमा नेपाल सरकारका मुख्य सचिव एकनारायण अर्यालज्यूको अध्यक्षतामा बसेको सचिव बैठकको निर्णयानुसार आगामी भाद्र १८ देखि सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रमहरु आयोजना हुने व्यहोरा विदितै छ। यस सन्दर्भमा आगामी भाद्र २१ गतेका दिन प्रदेश तथा पालिकास्तरमा समेत बहुउपयोगी बोटविरुवा रोपी वृक्षारोपण कार्यक्रम सम्पन्न गर्न तहाँ मन्त्रालय मार्फत सबै प्रदेश तथा स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन निजामती सेवा दिवस वृक्षारोपण व्यवस्थापन उपसमितिको मिति २०८२/५/१६ को निर्णयानुसार अनुरोध छ। उक्त कार्यक्रमका लागि आवश्यक पर्ने बजेट सम्बन्धित तह/ निकायले आ-आफ्नो नियमित वजेटबाट नै व्यवस्थापन गर्ने व्यवस्था हुन समेत अनुरोध छ। उपसमितिको निर्णयको छाँयाकपि यसैसाथ संलग्न छ।

(मिमांस अधिकारी)
सहसचिव

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: १३८
मिति: २/१६

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

निर्णयहरु :

१. निजामती सेवा दिवस २०८२ का सम्पूर्ण कार्यक्रमहरुको बारेमा समितिका सदस्य तथा उपस्थित सवैलाई जानकारी भयो । विगतका वर्षहरुमा भएका वृक्षारोपण कार्यको प्रगति समिक्षा गरियो । निजामती सेवा दिवसका अवसरमा आगामि भाद्र २१ गतेका दिन वन विज्ञान अध्ययन संस्थान परिसर किर्तिपुर तथा वागवानि विकास केन्द्र परिसर किर्तिपुरमा विहान ८:०० वजे देखि सुरु हुने गरी व्यवस्थित रुपमा वृक्षारोपण कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो । सोको लागि आवश्यक वहुउपयोगी विरुवा, मल, पानी लगायत अन्य आवश्यक व्यवस्थापकीय कार्यका लागि वन तथा भू संरक्षण विभागलाई जिम्मा दिने निर्णय गरियो ।

२. सवै प्रदेशहरुमा माथि उल्लेख भए बमोजिम पूर्व निर्धारित तालिका अनुसार प्रदेशको उपयुक्त स्थानमा वृक्षारोपण कार्यक्रम संचालन गर्न अनुरोध गर्ने ।

३. सवै स्थानीय तहहरुलाई उपयुक्त स्थानमा विभिन्न प्रजातिका वहुउपयोगी विरुवा रोपी वृक्षारोपण कार्यक्रम सञ्चालन गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अनुरोध गर्ने निर्णय गरियो ।

४ सम्पूर्ण मन्त्रालयहरुलाई आ-आफ्नो मन्त्रालय परिसर तथा मातहतका कार्यालयहरुको उपयुक्त स्थानमा पूर्व निर्धारित कार्यक्रम अनुसार वृक्षारोपण कार्यक्रम गर्न पत्राचार गर्ने निर्णय गरियो ।

५. निजामती सेवामा क्रियाशील सम्पूर्ण राष्ट्रियस्तरका ट्रेडयूनियनहरुले वृक्षारोपण कार्यक्रममा उपस्थिति तथा अन्य आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

सचिव